# प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक

संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार

## उद्देश्य र कारण

प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल बनाउन, नेपाल पक्ष रहेको प्रतिलिपि अधिकार सम्वन्धी महासन्धीमा नेपालले गरेका सम्झौतालाई कार्यान्वयन गरी प्रचलित कानूनमा रहेका अन्य समसामयिक र प्राविधिक विषयहरु सुधार गर्नको लागि प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले यो संशोधन विधेयक पेश गरेको छु।

जेठ, २०७७
काठमाडौं।

योगेश भट्टराई
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## आर्थिक टिप्पणी

प्रस्तुत संशोधन विधेयकमा नेपाल पक्ष रहेको प्रतिलिपि अधिकार सम्वन्धी महासन्धीमा नेपालले गरेको प्रतिवद्धता र प्रतिलिपि अधिकार सम्बन्धी ऐनलाई समयानुकूल बनाउन तथा समय सान्दर्भिक भाषिक शब्दहरूको परिमार्जन मात्र गरिएको हुँदा मौजुदा ऐनलाई नै संशोधन गर्ने विषय भएकोले नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

जेठ,२०७७

योगेश भट्टराई
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकुल बनाउन नेपाल पक्ष रहेको प्रतिलिपि अधिकार सम्वन्धी महासन्धीमा नेपालले गरेका सम्झौतालाई कार्यान्वयन गरी प्रचलित कानूनमा रहेको अन्य समसामयिक र प्राविधिक विषयहरु सुधार गर्नको लागि प्रतिलिपि अधिकार ऐन, २०५९ मा "तोकिए " वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ भन्ने व्यवस्था भएकोले प्रस्तुत विधेयकको ५क (२) मा उल्लेखित व्यवस्था नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ । माथिको दफामा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था नियमावली बनाउनपर्ने कारण र त्यसबाट पर्नसक्ने प्रभाव यस प्रकार रहेको छः-

| **क्र.स.** | **प्रत्यायोजित विधेयकको दफा** | **नियम बनाउन सकिने व्यवस्था** | **प्रत्यायोजित व्यवस्थापनको कारण** | **प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव** |
|---|---|---|---|---|
| १ | दफा ५क (२) | उपदफा (१) बमोजिमको दर्ता खारेज सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | कुनै रचना, ध्वनी, अङ्कन, प्रस्तुति वा प्रसारणको दर्ता खारेज सम्बन्धी विषय राख्न उपयुक्त हुने भएकोले। | सबैलाई समान रुपमा निर्धारित मापदण्ड र प्रक्रिया बमोजिम प्रतिलिपि अधिकारको संरक्षण आवश्यक नपर्ने भएमा दर्ता खारेजीको व्यवस्थापन हुने। |

<u>प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी</u>

| क्र. स. | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भः | यस ऐनको नाम “प्रतिलिपि अधिकार (पहिलो संशोधन) ऐन, २०७६” प्रस्ताव गरिएको । |
| २ | दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ | "रचना" भन्नाले साहित्य, कला, ज्ञान विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत वा अभिव्यक्त गरिएका किताब, पर्चा, लेख, शोधपत्र, सम्बोधन, प्रवचन, कार्टुन लगायतका रचना, अनुवाद, अनुकरण (एडप्टेशन), साहित्यिक तथा कलात्मक रचनाको अन्य परिवर्तन,नाटक, नाट्य वा सांगितिक नाट्य, नृत्य,नृत्यचाल, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका शब्द सहित वा शब्द रहित रचना, संगीत संयोजन र शब्द सहित वा शब्द रहित सांगितिक रचना,श्रव्य दृश्य रचना, आर्किटेक्चरल डिजाइन र आर्किटेक्चर सम्बन्धी अन्य रचना, चित्रकला, मूर्तिकला, काष्ठकला, हस्तकला, पेन्टिङ्ग, खोदन (इनग्रेभीङ्ग), लिथोग्राफी, फोटोजन्य रचना, प्रयोगात्मक कला सम्बन्धी रचना, उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी द्विआयामिक, त्रिआयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना, कम्प्युटर प्रोग्राम, डाटावेस, एप्स, मोवाइल एप्स तथा सफ्टवेयर, ध्वनी अङ्कन भन्ने राखी ऐनलाई वर्न महासन्धीको धारा २ (१) र प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी अनुरुप बनाउन प्रस्ताव गरिएको । |
| ३ | दफा २ को खण्ड (च) मा संशोधन | खण्ड (च) को उपखण्ड (१) मा रहेको "प्रक्रियाबाट" भन्ने शब्द पछि "गायन," भन्ने शब्द थपी सोही उपखण्डमा रहेको "वादन" भन्ने शब्दको सट्टा "वाद्यवादन" भन्ने शब्दहरु राखी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन प्रस्ताव गरिएको । |
| ४ | दफा २ को खण्ड (झ) मा संशोधन | खण्ड (झ) मा रहेका "सञ्चार वा" भन्ने शब्दहरू पछि "तारयुक्त वा" भन्ने शब्दहरू थपी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन प्रस्ताव गरिएको । |
| ५ | दफा २ को खण्ड (ढ) पछि देहायका खण्ड (ढ१) र (ढ२) थपिएका छन् :- | (ढ१) “उत्पादक” भन्नाले कुनै रचना उत्पादन गर्दा आर्थिक रूपले लगानी गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।<br>(ढ२) “रोयल्टी” भन्नाले प्रतिलिपि अधिकार सम्बन्धी रचनाको सार्वजनिक रूपमा प्रयोग गरे बापत रोयल्टी सङ्कलन संस्था मार्फत प्रतिलिपि अधिकार धनीले प्राप्त गर्ने रचनाको मूल्य वा समन्यायिक लाभ सम्झनु पर्छ" भन्ने शब्दहरु राखी ऐनमा उत्पादक र रोयल्टी भन्ने विषयलाई समावेश गरी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन प्रस्ताव गरिएको । |

| | | |
|---|---|---|
| ६ | मूल ऐनको दफा ३ मा संशोधन | मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेको "अनुवाद," भन्ने शब्द पछि "अनुकरण," भन्ने शब्द र "क्रमबद्ध संयोजन," भन्ने शब्दहरू पछि "साहित्यिक तथा कलात्मक रचनाको अन्य परिवर्तन (अल्टरेशन)," भन्ने शब्दहरू राखी सूचना प्रविधिमा आएको विकासलाई समावेश गरी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन प्रस्ताव गरिएको । |
| ७ | मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ | प्रतिलिपि अधिकारको संरक्षण प्राप्त नहुनेः दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विचार, धर्म, समाचार, सञ्चालन विधि, अवधारणा, सिद्धान्त, अदालतको निर्णय, आदेश वा फैसला, प्रशासनिक निर्णय, प्रचलित कानून बमोजिम दर्ता भएको पेटेन्टको पेटेन्ट स्पेसिफिकेशन वा डिजाइन, पौराणिक धार्मिक एवं साँस्कृतिक स्रोतबाट पुस्तान्तरण भई आएको परम्परागत लोकगीत, लोककथा, उखान, टुक्का र सामान्य तथ्याङ्क जस्ता कुराहरुलाई व्यक्त, वर्णन वा व्याख्या गरिएको वा कुनै रचनामा समावेश गरिएको भए तापनि यस ऐन बमोजिमको संरक्षण प्राप्त हुने छैन ।"भन्ने राखी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन प्रस्ताव गरिएको । |
| ८ | मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ | “५क. दर्ता खारेजः (१) दफा ५ को उपदफा (२) बमोजिम दर्ता भएका कुनै रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारण यस ऐन बमोजिम संरक्षण योग्य नभएमा वा संरक्षण प्राप्त नहुने भएमा त्यस्ता रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारणको दर्ता खारेज हुनेछ ।<br>(२) उपदफा (१) बमोजिमको दर्ता खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।” भन्ने शब्दहरु राखी प्रतिलिपि अधिकार संरक्षण योग्य नभएका रचनाहरू दर्ता भएको खण्डमा त्यस्ता रचनाहरूको दर्ता खारेजी सम्बन्धमा कानूनी व्यवस्था गर्न प्रस्ताव गरिएको । |
| ९ | मूल ऐनको दफा ६ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ | “(घ१) स्रोत रचयितासँग स्वीकृति लिई त्यस्तो रचनाको अनुवाद, प्रस्तुती, मुद्रण, सङ्कलन, संयोजन वा अन्य माध्यमबाट सृजना गरिएका ब्युत्पन्न रचनाको हकमा ब्युत्पन्न रचनाको रचयिता," भन्ने शब्दहरु राखी व्युत्पन्न रचना सम्बन्धी विषय थप गर्न प्रस्ताव गरिएको । |
| १० | मूल ऐनको दफा ७ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :- | " (ग) रचनाको परिमार्जन, संशोधन वा अन्य व्युत्पन्न रचना सिर्जना गर्ने,” भन्ने राखी ऐनलाई थप स्पष्ट पार्न प्रस्ताव गरिएको । |

| | | |
|---|---|---|
| ११ | मूल ऐनको दफा १३ मा संशोधन | मूल ऐनको दफा १३ को ठाउँ ठाउँमा रहेका "संगठनको" भन्ने शब्दको सट्टा "संगठन वा नेपाल पक्ष रहेको प्रतिलिपि अधिकार सम्बन्धी महासन्धिको" भन्ने शब्दहरु राखी प्रतिलिपि अधिकार ऐनमा विश्व व्यापार संगठनको विषय मात्र उल्लेख भएको छ तसर्थ नेपाल विभिन्न सन्धी/महासन्धीहरूको पक्ष राष्ट्र भएको हुँदा त्यस्ता सन्धी/महासन्धीहरूको व्यवस्थाहरू कार्यान्वयन गर्न प्रस्ताव गरिएको । |
| १२ | मूल ऐनको दफा १४ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ | "(६) कुनै रचना कुनै मुलुकमा पहिलो पटक प्रकाशन भएको मितिले तीस दिनभित्र अन्य मुलुकमा समेत प्रकाशन भएमा त्यस्तो रचना एकै पटक प्रकाशन भएको मानी यस दफा बमोजिमको संरक्षणको अवधि कायम गरिनेछ।" भन्ने राखी ऐनलाई वर्न महासन्धी र प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी अनुरुप बनाउन प्रस्ताव गरिएको । |
| १३ | मूल ऐनको दफा १५ पछि देहायको दफा १५क.थपिएको छ | "१५क. <u>अप्रकाशित रचनाको संरक्षण अवधिः</u> (१) अप्रकाशित रचनाको संरक्षण अवधि रचयिताको जीवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट पचास वर्ष रहनेछ ।<br>(२) अप्रकाशित रचनाको दुई वा सो भन्दा बढी रचयिता भएमा सबैभन्दा पछिल्लो रचयिताको मृत्यु भएपछि उपदफा (१) बमोजिमको संरक्षण अवधि रहनेछ।"भन्ने राखी अप्रकाशित रचनाको प्रतिलिपि अधिकार सम्बन्धमा व्यवस्था गर्न प्रस्ताव गरिएको । |
| १४ | मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः- | "२३क. <u>दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री हेर्न नसक्ने व्यक्तिको लागि पुनरुत्पादन तथा वितरण गर्न पाइने</u>ः दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री पढन र हेर्न नसक्ने व्यक्तिका लागि प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी रचयिता वा प्रतिलिपि अधिकार धनीको स्वीकृति नलिई रचनाको पहुँचयोग्य ढाँचामा तयार, पुनरुउत्पादन तथा वितरण गर्न सकिनेछ ।" भन्ने राखी दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री हेर्न नसक्ने व्यक्तिको अधिकार संरक्षण गर्न प्रस्ताव गरिएको । |
| १५ | मूल ऐनको दफा २४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ | "(१क) उपदफा (१) बमोजिम प्रतिलिपि अधिकार धनीबाट रचनाको प्रकाशन वा पुनरुत्पादन गर्न अनुमति प्राप्त व्यक्तिले प्रतिलिपि अधिकारको हस्तान्तरण भएको मितिले तीन बर्षसम्म रचना प्रकाशन नगरेमा वा सो रचना पुनरुत्पादन गर्नु पर्नेमा त्यसरी हस्तान्तरण भएको मितिले तीन बर्षसम्म रचना पुनरुत्पादन नगरेमा त्यस्तो हस्तान्तरण स्वतः रद्द हुनेछ ।" भन्ने राखी वर्न महासन्धी अनुरूप ऐनलाई थप स्पष्ट पार्न प्रस्ताव गरिएको । |

| | | |
|---|---|---|
| १६ | मूल ऐनको दफा २५ मा संशोधन | मूल ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) मा रहेका "भाडामा दिएमा" भन्ने शब्दहरु पछि "वा सार्वजनिक प्रस्तुती वा प्रदर्शन गरेमा, " भन्ने शब्दहरु राखी भाडामा दिने प्रावधान सम्बन्धी व्यवस्था राखी ऐनलाई थप स्पष्ट पार्न प्रस्ताव गरिएको । |
| १७ | मूल ऐनको दफा २७ मा संशोधन | मूल ऐनको दफा २७ को उपदफा (१) मा रहेका "दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बीस हजार रुपैयाँदेखि दुई लाख पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू र "बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म"भन्ने शब्दहरूको सट्टा "चालीस हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखी प्रतिलिपि अधिकार हननमा जरिवाना सम्बन्धी व्यवस्थालाई समय सापेक्ष प्रस्ताव गरिएको । |
| १८ | ऐनको दफा ३० को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थप | "(ख१) दफा ५क. बमोजिम संरक्षण योग्य नभएको वा संरक्षण नपाउने कुनै रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारण दर्ता भएको देखिएमा सोको दर्ता खारेज गर्ने,<br>(ख२) रचनामा देखिएका विवादका सम्बन्धमा रचयिताले अनुरोध गरेमा मेलमिलाप गर्न सहजीकरण गर्ने,<br>(ख३) प्रतिलिपि अधिकारको उल्लंघन हुन नदिन तथा त्यसको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने," भन्ने शब्दहरु राखी रजिष्ट्रारको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गर्न प्रस्ताव गरिएको । |

## प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| सि.नं. | हाल भएको व्यवस्था | संशोधनको व्यहोरा | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १. | दफा २.<br>(क) "रचना" भन्नाले साहित्य, कला, ज्ञान–विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रुपले प्रस्तुत गरिएका रचना सम्झनु पर्छ र सो शब्दले देहायका रचना समेतलाई जनाउछः–<br>(१) किताब, पर्चा, लेख, शोधपत्र,<br>(२) नाटक, नाट्य–संगीत, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना,<br>(३) शब्द सहित वा शब्द रहित सांगीतिक रचना,<br>(४) श्रव्य दृश्य रचना,<br>(५) आर्किटेक्चरल डिजाइन,<br>(६) चित्रकला, पेन्टिङ्ग, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चर सम्बन्धी अन्य रचना,<br>(७) फोटोजन्य रचना,<br>(८) प्रयोगात्मक कला सम्बन्धी रचना,<br>(९) उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी त्रि–आयामिक रचना, टोपोग्राफी र वैज्ञानिक तथा लेख रचना,<br>(१०) कम्प्युटर प्रोग्राम, | दफा २.<br>(क) "रचना" भन्नाले साहित्य, कला, ज्ञान विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत वा अभिव्यक्त गरिएका रचना सम्झनु पर्छ र सो शब्दले देहायका रचनालाई समेत जनाउँछ :-<br>(१) किताब, पर्चा, लेख, शोधपत्र, सम्बोधन, प्रवचन, कार्टुन लगायतका रचना,<br>(२) अनुवाद, अनुकरण (एडप्टेशन), साहित्यिक तथा कलात्मक रचनाको अन्य परिवर्तन,<br>(३) नाटक, नाट्य वा सांगितिक नाट्य, नृत्य, नृत्यचाल, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका शब्द सहित वा शब्द रहित रचना,<br>(४) संगीत संयोजन र शब्द सहित वा शब्द रहित सांगितिक रचना,<br>(५) श्रव्य दृश्य रचना,<br>(६) आर्किटेक्चरल डिजाइन र आर्किटेक्चर सम्बन्धी अन्य रचना,<br>(७) चित्रकला, मूर्तिकला, काष्ठकला, | वर्न महासन्धीको धारा २ (१) र प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी अनुरुप बनाउन वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| | | हस्तकला, पेन्टिङ्ग, खोदन (इनग्रेभीङ्ग), लिथोग्राफी,<br>(८) फोटोजन्य रचना,<br>(९) प्रयोगात्मक कला सम्बन्धी रचना,<br>(१०) उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी द्विआयामिक, त्रिआयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना,<br>(११) कम्प्युटर प्रोग्राम, डाटावेस, एप्स, मोवाइल एप्स तथा सफ्टवेयर,<br>(१२) ध्वनी अङ्कन । | |
| २. | २(च) प्रस्तुती भन्नालेः,<br>(१) श्रव्यदृश्य रचना बाहेक अरु प्रकारको रचनाको हकमा प्रत्यक्ष रुपमा वा अन्य कुनै उपकरण वा प्रक्रियाबाट वाचन, वादन, नृत्य, अभिनय वा अन्य प्रकारले प्रस्तुत गर्ने कार्य, | २(२) खण्ड (च) को उपखण्ड (१) मा रहेको "प्रक्रियाबाट" भन्ने शब्द पछि "गायन," भन्ने शब्द थपी सोही उपखण्डमा रहेको "वादन" भन्ने शब्दको सट्टा "वाद्यवादन" भन्ने शब्द राखिएको छ । | ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन वाञ्छनीय भएकोले, |
| ३. | २(झ) "प्रसारण" भन्नाले सार्वजनिक जानकारीको लागि रचनाको प्रदर्शन वा सञ्चार वा तारविहिन उपकरण वा भू–उपग्रहको माध्यमद्वारा गरिने श्रव्य वा श्रव्य–दृश्य रचनाको प्रसारण सम्झनु पर्छ । | २(झ) खण्ड (झ) मा रहेका "सञ्चार वा" भन्ने शब्दहरू पछि "तारयुक्त वा" भन्ने शब्दहरू थपिएका छन् । | ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| ४. | थपः | (४) खण्ड (ढ) पछि देहायका खण्ड (ढ१) र (ढ२) थपिएका छन् :-<br>"(ढ१) “उत्पादक” भन्नाले कुनै रचना उत्पादन गर्दा आर्थिक रूपले लगानी गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।<br>(ढ२) “रोयल्टी” भन्नाले प्रतिलिपि अधिकार सम्बन्धी रचनाको सार्वजनिक रूपमा प्रयोग गरे बापत रोयल्टी सङ्कलन संस्था मार्फत प्रतिलिपि अधिकार धनीले प्राप्त गर्ने रचनाको मूल्य वा समन्यायिक लाभ सम्झनु पर्छ ।" | ऐनमा उत्पादक र रोयल्टी भन्ने विषयलाई समावेश गरी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन वाञ्छनीय भएकोले, |
| ५. | ३(२) प्रस्तुतिकरण, सङ्कलन वा अभिव्यक्तिको दृष्टिकोणबाट मौलिक रुपमा प्रस्तुत भएका अनुवाद, संयोजन, क्रमबद्ध संयोजन, रचना वा कृतिहरुको संग्रह, यन्त्रको सहायताले वा यन्त्रको सहायता बेगर पढ्न सकिने गरी सङ्कलन गरिएको तथ्याङ्क वा तथ्याङ्कको आधार, लौकिक अभिव्यक्ति विधा अन्तर्गतका उखान, लोककथा, लोकगीत वा अन्य कुनै लोक अभिव्यक्तिमा आधारित व्युत्पन्न रचनालाई मूल रचनाको प्रतिलिपि अधिकारमा प्रतिकूल असर नपुऱ्याउने किसिमले मौलिक रचना सरह नै प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ । | <u>मूल ऐनको दफा ३ मा संशोधनः</u> मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेको "अनुवाद," भन्ने शब्द पछि "अनुकरण," भन्ने शब्द र "क्रमबद्ध संयोजन," भन्ने शब्दहरू पछि "साहित्यिक तथा कलात्मक रचनाको अन्य परिवर्तन (अल्टरेशन)," भन्ने शब्दहरू थपिएका छन् । | सूचना प्रविधिमा आएको विकास लाई समावेश गरी ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| ६. | ४. <u>प्रतिलिपि अधिकारको संरक्षण प्राप्त नहुनेः</u> दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विचार, धर्म, समाचार, संचालन विधि, अवधारणा, सिद्धान्त, अदालतको फैसला, प्रशासनिक निर्णय, लोकगीत, लोककथा, उखान र सामान्य तथ्याङ्क जस्ता कुराहरुलाई व्यक्त वा वर्णन वा व्याख्या गरिए वा कुनै रचनामा समावेश गरिएको भए तापनि यस ऐन बमोजिमको संरक्षण प्राप्त हुने छैन । | <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :–<br>"४. <u>प्रतिलिपि अधिकारको संरक्षण प्राप्त नहुनेः</u> दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विचार, धर्म, समाचार, सञ्चालन विधि, अवधारणा, सिद्धान्त, अदालतको निर्णय, आदेश वा फैसला, प्रशासनिक निर्णय, प्रचलित कानून बमोजिम दर्ता भएको पेटेन्टको पेटेन्ट स्पेसिफिकेशन वा डिजाइन, पौराणिक धार्मिक एवं साँस्कृतिक स्रोतबाट पुस्तान्तरण भई आएको परम्परागत लोकगीत, लोककथा, उखान, टुक्का र सामान्य तथ्याङ्क जस्ता कुराहरुलाई व्यक्त, वर्णन वा व्याख्या गरिएको वा कुनै रचनामा समावेश गरिएको भए तापनि यस ऐन बमोजिमको संरक्षण प्राप्त हुने छैन ।" | ऐनलाई थप स्पष्ट र पूर्ण बनाउन वाञ्छनीय भएकोले, |
| ७. | थपः | ५. <u>मूल ऐनमा दफा ५क. थपः</u> मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :–<br>"५क. <u>दर्ता खारेजः</u> (१) दफा ५ को उपदफा (२) बमोजिम दर्ता भएका कुनै रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारण यस ऐन बमोजिम संरक्षण योग्य नभएमा वा संरक्षण प्राप्त नहुने भएमा त्यस्ता रचना, ध्वनी अङ्कन, | प्रतिलिपि अधिकार संरक्षण योग्य नभएका रचनाहरू दर्ता भएको खण्डमा त्यस्ता रचनाहरूको दर्ता खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| | | प्रस्तुती वा प्रसारणको दर्ता खारेज हुनेछ ।<br>(२) उपदफा (१) बमोजिमको दर्ता खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | |
| ८. | थपः | ६. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-<br>"(घ१) स्रोत रचयितासँग स्वीकृति लिई त्यस्तो रचनाको अनुवाद, प्रस्तुती, मुद्रण, सङ्कलन, संयोजन वा अन्य माध्यमबाट सृजना गरिएका ब्युत्पन्न रचनाको हकमा ब्युत्पन्न रचनाको रचयिता," | ब्युत्पन्न रचना सम्बन्धी विषय थप गर्न वाञ्छनीय भएकोले, |
| ९. | ७(ग)रचनाको परिमार्जन वा संशोधन गर्ने, | ७. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-<br>" (ग) रचनाको परिमार्जन, संशोधन वा अन्य व्युत्पन्न रचना सिर्जना गर्ने," | रचनाको परिमार्जन, संशोधन वा अन्य व्युत्पन्न रचना सिर्जना गर्ने विषय राखी ऐनलाई थप स्पष्ट पार्न वाञ्छनीय भएकोले, |

| | | | | |
|---|---|---|---|---|
| १०. | १३. <u>रचना, प्रस्तोता, ध्वनि उत्पादक वा प्रसारण संस्थाको संरक्षण:</u> (१) देहायका रचयिताको रचनालाई यस ऐन बमोजिमको संरक्षण प्राप्त हुनेछः– <br>(क) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा बसोबास गर्ने रचयिताबाट रचित नेपाल राज्य वा सोही मुलुकमा प्रकाशन भएको रचना, <br>(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा बसोबास गर्ने उत्पादकबाट उत्पादित श्रव्य–दृश्य रचना, <br>(ग) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकभित्र गरिएको भवनको आर्किटेक्चरल डिजायन वा भवन वा अन्य कुनै संरचनामा प्रयोग गरिएको अन्य कुनै प्रकारको कलात्मक रचना, <br>(घ) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुक बाहेक अन्य मुलुकमा बसोबास भएको रचयिताबाट नेपाल राज्यमा प्रकाशित रचना वा त्यस्तो मुलुकको उत्पादकबाट नेपाल राज्यमा उत्पादित श्रव्य दृष्य रचना । <br>(२) देहायका प्रस्तोतालाई यस ऐन बमोजिमको प्रस्तोता सम्बन्धी अधिकार प्राप्त हुनेछः– <br>(क) नेपाल राज्य वा विश्व व्यापारा संगठनको सदस्य मुलुकको प्रस्तोता, <br>(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा प्रस्तुत गरिएको कुनै प्रस्तुति वा यस ऐन | ८. | <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को ठाउँ ठाउँमा रहेका “संगठनको” भन्ने शब्दको सट्टा “संगठन वा नेपाल पक्ष रहेको प्रतिलिपि अधिकार सम्बन्धी महासन्धिको” भन्ने शब्दहरु राखिएका छन् । | प्रतिलिपि अधिकार ऐनमा विश्व व्यापार संगठनको विषय मात्र उल्लेख भएको छ तसर्थ नेपाल विभिन्न सन्धी/महासन्धीहरूको पक्ष राष्ट्र भएको हुँदा त्यस्ता सन्धी/महासन्धीहरूको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| | बमोजिम संरक्षण प्राप्त ध्वनि अङ्कनमा प्रयुक्त भएको प्रस्तुति वा ध्वनि अङ्कनमा समाविष्ट नगरेको भए पनि प्रसारणमा समाविष्ट प्रस्तुतिको प्रस्तोता ।<br>(३) देहायका ध्वनि अङ्कन उत्पादकलाई यस ऐन बमोजिमको ध्वनि अङ्कनको उत्पादक सम्बन्धी अधिकार प्राप्त हुनेछः–<br>(क) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकका व्यक्तिबाट उत्पादित ध्वनि अङ्कन,<br>(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा प्रकाशन भएको ध्वनि अङ्कन,<br>(४) देहायका प्रसारण संस्थालाई यस ऐन बमोजिमको प्रसारण संस्था सम्बन्धी अधिकार प्राप्त हुनेछः–<br>(क) नेपाल राज्य वा विश्व व्यापारा संगठनको सदस्य मुलुकमा कार्यालय रहेको प्रसारण संस्थाबाट प्रसारित प्रसारण,<br>(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा अवस्थित प्रसारण केन्द्रबाट प्रसारित प्रसारण । | | |

| | | | |
|---|---|---|---|
| ११. | थपः | ९. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-<br>"(६) कुनै रचना कुनै मुलुकमा पहिलो पटक प्रकाशन भएको मितिले तीस दिनभित्र अन्य मुलुकमा समेत प्रकाशन भएमा त्यस्तो रचना एकै पटक प्रकाशन भएको मानी यस दफा बमोजिमको संरक्षणको अवधि कायम गरिनेछ।" | वर्न महासन्धी, प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी अनुरुप बनाउन र सूचना प्रविधिले ल्याएको परिवर्तनलाई समावेश गरी ऐनलाई थप स्पष्ट पार्न वाञ्छनीय भएकोले |
| १२. | थपः | १०. <u>मूल ऐनमा दफा १५क. थपः</u> मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-<br>"१५क. <u>अप्रकाशित रचनाको संरक्षण अवधिः</u> (१) अप्रकाशित रचनाको संरक्षण अवधि रचयिताको जीवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट पचास वर्ष रहनेछ ।<br>(२) अप्रकाशित रचनाको दुई वा सो भन्दा बढी रचयिता भएमा सबैभन्दा पछिल्लो रचयिताको मृत्यु भएपछि उपदफा (१) बमोजिमको संरक्षण अवधि रहनेछ।" | अप्रकाशित रचनाको प्रतिलिपि अधिकार सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| १३. | थपः | ११. मूल ऐनमा दफा २३क. थपः मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-<br>"२३क. दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री हेर्न नसक्ने व्यक्तिको लागि पुनरुत्पादन तथा वितरण गर्न पाइनेः दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री पढन र हेर्न नसक्ने व्यक्तिका लागि प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी रचयिता वा प्रतिलिपि अधिकार धनीको स्वीकृति नलिई रचनाको पहुँचयोग्य ढाँचामा तयार, पुनरुउत्पादन तथा वितरण गर्न सकिनेछ ।" | दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री हेर्न नसक्ने व्यक्तिको अधिकारसंरक्षण गर्न वाञ्छनीय भएकोले, |
| १४. | थपः | १२. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-<br>"(१क) उपदफा (१) बमोजिम प्रतिलिपि अधिकार धनीबाट रचनाको प्रकाशन वा पुनरुत्पादन गर्न अनुमति प्राप्त व्यक्तिले प्रतिलिपि अधिकारको हस्तान्तरण भएको मितिले तीन बर्षसम्म रचना प्रकाशन नगरेमा वा सो रचना पुनरुत्पादन गर्नु पर्नेमा त्यसरी हस्तान्तरण भएको मितिले तीन बर्षसम्म रचना पुनरुत्पादन नगरेमा त्यस्तो हस्तान्तरण स्वतः रद्द हुनेछ ।" | वर्न महासन्धी अनुरूप ऐनलाई थप स्पष्ट पार्न वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| १५. | <u>२५(१)(क)</u> रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनिअङ्कनको प्रतिलिपिहरु उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गरेमा वा भाडामा दिएमा, | १३. <u>मूल ऐनको दफा २५ मा संशोधन</u> : मूल ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) मा रहेका “भाडामा दिएमा” भन्ने शब्दहरु पछि “वा सार्वजनिक प्रस्तुती वा प्रदर्शन गरेमा,” भन्ने शब्दहरु थपिएका छन्। | भाडामा दिने प्रावधान सम्बन्धी व्यवस्था राखी ऐनलाई थप स्पष्ट पार्न वाञ्छनीय भएकोले, |
| १६. | २७(१) कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ र दोस्रो पटक देखि पटकै पिच्छे बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।<br><br>त्यसरी प्रकाशन वा पुनरुत्पादन गरेको वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरु जफत हुनेछ । | १४. <u>मूल ऐनको दफा २७ मा संशोधन</u> : मूल ऐनको दफा २७ को उपदफा (१) मा रहेका "दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बीस हजार रुपैयाँदेखि दुई लाख पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू र "बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "चालीस हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् । | प्रतिलिपि अधिकार हननमा जरिवाना सम्बन्धी व्यवस्थालाई समय सापेक्ष बनाउन वाञ्छनीय भएकोले, |

| | | | |
|---|---|---|---|
| १७. | थपः | १५. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन् :-<br>"(ख१) दफा ५क. बमोजिम संरक्षण योग्य नभएको वा संरक्षण नपाउने कुनै रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारण दर्ता भएको देखिएमा सोको दर्ता खारेज गर्ने,<br>(ख२) रचनामा देखिएका विवादका सम्बन्धमा रचयिताले अनुरोध गरेमा मेलमिलाप गर्न सहजीकरण गर्ने,<br>(ख३) प्रतिलिपि अधिकारको उल्लंघन हुन नदिन तथा त्यसको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने," | रजिष्ट्रारको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गर्न वाञ्छनीय भएकोले, |

## प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "प्रतिलिपि अधिकार (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ मा संशोधन: प्रतिलिपि अधिकार ऐन, २०५९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "रचना" भन्नाले साहित्य, कला, ज्ञान विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत वा अभिव्यक्त गरिएका रचना सम्झनु पर्छ र सो शब्दले देहायका रचनालाई समेत जनाउँछ :-

(१) किताब, पर्चा, लेख, शोधपत्र, सम्बोधन, प्रवचन, कार्टुन लगायतका रचना,

(२) अनुवाद, अनुकरण (एडप्टेशन), साहित्यिक तथा कलात्मक रचनाको अन्य परिवर्तन,

(३) नाटक, नाट्य वा सांगितिक नाट्य, नृत्य, नृत्य चाल, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका शब्द सहित वा शब्द रहित रचना,

(४) संगीत संयोजन र शब्द सहित वा शब्द रहित सांगितिक रचना,

(५) श्रव्य दृश्य रचना,

(६) आर्किटेक्चरल डिजाइन र आर्किटेक्चर सम्बन्धी अन्य रचना,

(७) चित्रकला, मूर्तिकला, काष्ठकला, हस्तकला, पेन्टिङ्ग, खोदन (इनग्रेभीङ्ग), लिथोग्राफी,

(८) फोटोजन्य रचना,

(९) प्रयोगात्मक कला सम्बन्धी रचना,

(१०) उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी द्विआयामिक, त्रिआयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना,

(११) कम्प्युटर प्रोग्राम, डाटावेस, एप्स, मोवाइल एप्स तथा सफ्टवेयर,

(१२) ध्वनी अङ्कन ।

(२) खण्ड (च) को उपखण्ड (१) मा रहेको "प्रक्रियाबाट" भन्ने शब्द पछि "गायन," भन्ने शब्द थपी सोही उपखण्डमा रहेको "वादन" भन्ने शब्दको सट्टा "वाद्यवादन" भन्ने शब्द राखिएको छ ।

(३) खण्ड (झ) मा रहेका "सञ्चार वा" भन्ने शब्दहरू पछि "तारयुक्त वा" भन्ने शब्दहरू थपिएका छन् ।

(४) खण्ड (ढ) पछि देहायका खण्ड (ढ१) र (ढ२) थपिएका छन् :-

"(ढ१) "उत्पादक" भन्नाले कुनै रचना उत्पादन गर्दा आर्थिक रूपले लगानी गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ढ२) "रोयल्टी" भन्नाले प्रतिलिपि अधिकार सम्बन्धी रचनाको सार्वजनिक रूपमा प्रयोग गरे बापत रोयल्टी सङ्कलन संस्था मार्फत प्रतिलिपि अधिकार धनीले प्राप्त गर्ने रचनाको मूल्य वा समन्यायिक लाभ सम्झनु पर्छ ।"

३. <u>मूल ऐनको दफा ३ मा संशोधनः</u> मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेको "अनुवाद," भन्ने शब्द पछि "अनुकरण, "भन्ने शब्द र "क्रमबद्ध संयोजन," भन्ने शब्दहरू पछि "साहित्यिक तथा कलात्मक रचनाको अन्य परिवर्तन (अल्टरेशन)," भन्ने शब्दहरू थपिएका छन् ।

४. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :–

"४. <u>प्रतिलिपि अधिकारको संरक्षण प्राप्त नहुनेः</u> दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विचार, धर्म, समाचार, सञ्चालन विधि, अवधारणा, सिद्धान्त, अदालतको निर्णय, आदेश वा फैसला, प्रशासनिक निर्णय, प्रचलित कानून बमोजिम दर्ता भएको पेटेन्टको पेटेन्ट स्पेसिफिकेशन वा डिजाइन, पौराणिक धार्मिक एवं साँस्कृतिक स्रोतबाट पुस्तान्तरण भई आएको परम्परागत लोकगीत, लोककथा, उखान, टुक्का र सामान्य तथ्याङ्क जस्ता कुराहरुलाई व्यक्त, वर्णन वा व्याख्या गरिएको वा कुनै रचनामा समावेश गरिएको भए तापनि यस ऐन बमोजिमको संरक्षण प्राप्त हुने छैन ।"

५. <u>मूल ऐनमा दफा ५क. थपः</u> मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :–

"५क. <u>दर्ता खारेजः</u> (१) दफा ५ को उपदफा (२) बमोजिम दर्ता भएका कुनै रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारण यस ऐन बमोजिम संरक्षण योग्य नभएमा वा संरक्षण प्राप्त नहुने भएमा त्यस्ता रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारणको दर्ता खारेज हुनेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६. <u>मूल ऐनको दफा ६ मा संशोधन :</u>मूल ऐनको दफा ६ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) स्रोत रचयितासँग स्वीकृति लिई त्यस्तो रचनाको अनुवाद, प्रस्तुती, मुद्रण, सङ्कलन, संयोजन वा अन्य माध्यमबाट सृजना गरिएका ब्युत्पन्न रचनाको हकमा ब्युत्पन्न रचनाको रचयिता,"

७. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) रचनाको परिमार्जन, संशोधन वा अन्य व्युत्पन्न रचना सिर्जना गर्ने,"

८. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को ठाउँ ठाउँमा रहेका "संगठनको" भन्ने शब्दको सट्टा "संगठन वा नेपाल पक्ष रहेको प्रतिलिपि अधिकार सम्बन्धी महासन्धिको" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) कुनै रचना कुनै मुलुकमा पहिलो पटक प्रकाशन भएको मितिले तीस दिनभित्र अन्य मुलुकमा समेत प्रकाशन भएमा त्यस्तो रचना एकै पटक प्रकाशन भएको मानी यस दफा बमोजिमको संरक्षणको अवधि कायम गरिनेछ।"

१०. मूल ऐनमा दफा १५क.थपः मूल ऐनको दफा १५ पछि देहायको दफा १५क.थपिएको छः-

"१५क. अप्रकाशित रचनाको संरक्षण अवधिः (१) अप्रकाशित रचनाको संरक्षण अवधि रचयिताको जीवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट पचास वर्ष रहनेछ ।

(२) अप्रकाशित रचनाको दुई वा सो भन्दा बढी रचयिता भएमा सबैभन्दा पछिल्लो रचयिताको मृत्यु भएपछि उपदफा (१) बमोजिमको संरक्षण अवधि रहनेछ।"

११. मूल ऐनमा दफा २३क.थपः मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-

"२३क. दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री हेर्न नसक्ने व्यक्तिको लागि पुनरुत्पादन तथा वितरण गर्न पाइनेः दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका तथा मुद्रित सामग्री पढन र हेर्न नसक्ने व्यक्तिका लागि प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी रचयिता वा प्रतिलिपि अधिकार धनीको स्वीकृति नलिई रचनाको पहुँचयोग्य ढाँचामा तयार, पुनरुउत्पादन तथा वितरण गर्न सकिनेछ ।"

१२. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम प्रतिलिपि अधिकार धनीबाट रचनाको प्रकाशन वा पुनरुत्पादन गर्न अनुमति प्राप्त व्यक्तिले प्रतिलिपि अधिकारको हस्तान्तरण भएको मितिले तीन

बर्षसम्म रचना प्रकाशन नगरेमा वा सो रचना पुनरुत्पादन गर्नु पर्नेमा त्यसरी हस्तान्तरण भएको मितिले तीन बर्षसम्म रचना पुनरुत्पादन नगरेमा त्यस्तो हस्तान्तरण स्वतः रद्द हुनेछ ।"

१३. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) मा रहेका "भाडामा दिएमा" भन्ने शब्दहरु पछि "वा सार्वजनिक प्रस्तुती वा प्रदर्शन गरेमा," भन्ने शब्दहरु थपिएका छन्।

१४. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को उपदफा (१) मा रहेका "दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बीस हजार रुपैयाँदेखि दुई लाख पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू र "बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "चालीस हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन् :-

"(ख१) दफा ५क. बमोजिम संरक्षण योग्य नभएको वा संरक्षण नपाउने कुनै रचना, ध्वनी अङ्कन, प्रस्तुती वा प्रसारण दर्ता भएको देखिएमा सोको दर्ता खारेज गर्ने,

(ख२) रचनामा देखिएका विवादका सम्बन्धमा रचयिताले अनुरोध गरेमा मेलमिलाप गर्न सहजीकरण गर्ने,

(ख३) प्रतिलिपि अधिकारको उल्लंघन हुन नदिन तथा त्यसको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,"